## वार्षिक समीक्षा गोष्ठीका निर्णयहरु

निर्णय नं. १ :- वार्षिक समीक्षा गोष्ठीमा बीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका ९ वटै महाशाखा/शाखाहरु तथा आयोजनाले आ.व. २०७५/०७६ मा गरेको कार्य प्रगतिहरुको प्रस्तुती भई समीक्षा गरियो । समीक्षाको निष्कर्ष देहाय बमोजिम रहेको छ ।

**(क) सबल पक्षहरु :**

- कार्यक्रममा सरोकावालाहरु सबैको उपस्थिति रहेको,
- प्रस्तुतीकरणको ढाँचामा एकरुपता भएको,
- बजार क्षेत्र तथा बजार क्षेत्र बाहिरका वडाहरुमा पनि सडकहरुको उल्लेख्य विस्तार भएको,
- बजार क्षेत्रमा Under ground नाला निर्माण भएको,
- Water Treatment Plant निर्माण भई प्रयोगमा आएको,
- मुशहर बस्ती आवास निर्माण, अलौ पोखरी सौन्दर्यीकरण गर्ने कार्य भएको,
- वडा नं. १ देखि १६ सम्म House Numbering तयार भएको,
- बीरगंज महानगरपालिकामा सरसफाईको सुनिश्चितता भई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने तयारी भएको,
- महानगरको सरसफाई कार्य सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुपनीजि क्षेत्रसंग सहकार्य गरी सरसफाईको लागतमा ५० प्रतिशत भन्दा बढी खर्च घटाइएको,
- सामाजिक सुरक्षा भत्ता लाभग्राहीको बैंक खातामा सोझै निकासा व्यवस्था मिलाइएको ।
- निःशुल्क औषधि उपलब्धताको सुनिश्चिता हुनुका साथै महानगर भित्रका ४ वटा वडाहरु पूर्ण खोप घोषणा भएको,
- ६ वटा स्वास्थ्य संस्थाहरुमा थप बर्थिङ्ग सेन्टर संचालनका लागि आवश्यक पूर्वाधार सामाग्रीको व्यवस्था गरिएको,
- बाल हेल्पलाईन संचालन भएको,
- हाई मास लाईट जडान गरेको,
- विपतमा राहत उपलब्ध गराइएको,
- बारुणयन्त्रले बारा, पर्सा र भारतको विहार समेतमा सेवा पुयाइएको,
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिएको,
- साबिक बेल्वा गाउँपालिकासंग बाँकी रहेको रकम मध्ये ६३,९३,३५८।०१ प्राप्त भएको,
- विद्यालयहरुमा CC क्यामरा जडान भई E-monitoring शुरु भएको,
- विद्यालयहरुमा स्यानेटरी प्याड निःशुल्करुपमा उपलब्ध गराइएको,
- शैक्षिक क्यालेण्डर प्रकाशन गरिएको,
- बेरोजगारहरुको तथ्यांक संकलन गरिएको,
- तोकिएको समयमा संसदीय परम्परा अनुसार नगर सभा सम्पन्न गरी पारित ऐनहरु असार भित्र वेभसाइडमा अपलोड गरिएको,
- समीक्षा गोष्ठीमा स्वतन्त्र विश्लेषकज्यूहरुबाट टिप्पणी र सुझाव प्रस्तुत गरिएको ।

**(ख) कमजोर /सुधार गर्नु पर्ने पक्षहरु :**

- आन्तरिक आय बृद्धि हुननसकेको,
- पूँजिगत खर्च **५३** प्रतिशत मात्र रहेको,
- अनुगमन नियमित तथा प्रभावकारी हुन नसकेको,

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा मं.प्रदेश (नेपाल) २०७४

- विकास निर्माण कार्यमा वास्तविक रुपमा जनसहभागिता हुन नसकेको,
- संगठन संरचना अनुरुप प्रशासनिक [illegible] पर्याप्त नभएको,
- कार्यकम कार्यान्वयनको कममा कार्यस्थल लगायत विभिन्न किसिमको विवाद तथा मुद्दा परी काममा ढिलाई भएको,
- प्रधानमन्त्री रोजगार कार्यकम र प्रदेश सरकारको सशर्त बजेट आ.ब.को अन्तिम चरणमा आउँदा पूर्णरुपमा खर्च हुन नसकेको,
- लैण्ड फिल्ड साइड निर्माण सम्पन्न नहुदाँ फोहर मैला व्यवस्थापन हुन कठिनाई भएको,
- राइट अफ वेको मापदण्डहरुमा एकरुपता नभएको,
- तीन तहको सरकारहरुका बीच समन्वयको कमी भएको, सरोकारवाला वर्ग र आन्तरिकरुपमा पनि समन्वयको कमी ।

**(ग) सुझाव तथा मार्गदर्शनहरु :**

- पूँजिगत खर्च बृद्धि गर्नु पर्ने,
- समयमा खरिद प्रकृया अवलम्बन गर्ने,
- समयमा आयोजना कार्यान्वयन गर्नु पर्ने,
- जनप्रतिनिधिहरुले स्थानीय तथा विकासका विवादहरु समाधान गर्नु पर्ने,
- लैण्ड फिल्ड साइडको निर्माण कार्य शिघ्र सम्पन्न गर्नु पर्ने,
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासमा जोड दिनु पर्ने,
- कार्यालयको नयाँ भवन निर्माण गरिनु पर्ने,
- राजश्व संकलनमा अभिबृद्धि गर्नु पर्ने,
- संघीय, प्रादेशिक तथा स्थानीय सरकार बीच राम्रो समन्वय हुनु पर्ने,
- कार्यपालिका, महाशाखाहरु र वडा समितिको बीच समन्वय बढाउनु पर्ने,
- दण्ड र पुरस्कारको व्यवस्था गर्ने,
- स्थानीय ताल तलैयाहरुको संरक्षण गर्ने,
- स्थानीय समस्या समाधान हुने गरी प्रोजेक्ट डिजाइन गर्न ध्यान दिने,
- आगामी दिनमा नीति, बजेट तथा कार्यकमको समग्र समीक्षा हुनु पर्ने,
- बजारको विकास र व्यवस्थापनमा ध्यान दिनु पर्ने ।
- आगामी दिनमा वडा कार्यालयहरुले पनि आ-आफ्नो कामको समीक्षा गोष्ठी आयोजना गर्ने ।

**निर्णय नं. २** :- वार्षिक समीक्षा गोष्ठीको निष्कर्ष अनुरुप सवल पक्षहरुलाई निरन्तरता दिदै देखा परेका कमी कमजोरीहरु सुधार गर्ने र सिफारिश गरिएका सुझाव तथा मार्गदर्शनहरु आगामी दिनमा कडाईका साथ पालना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**:-वार्षिक समीक्षा गोष्ठीको विस्तृत प्रतिवेदन तयार गरी ४५ दिनभित्र पेश गर्न देहाय बमोजिमको टोली गठन गरियो ।

संयोजक :-श्री प्रद्युम्न सेढाई,
सदस्य :-श्री अरुण महतो, अधिकृत दशौं
" :-श्री सुमन श्रेष्ठ, अधिकृत आठौं
" :-श्री हरिशंकर प्रसाद कुर्मि, अधिकृत सातौं
" :-श्री बुद्धिमाया गुरुङ्ग, अधिकृत छैठो